# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या २ मिति २०८२ चतै ०४

## भाग २

## साँफेबगर नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि  प्रकाशन गरिएको छ:

**साँफेबगर नगरपालिकाको शीत भण्डार गृह व्यवस्थापन तथा सञ्चालन कार्यविधि , २०८२**

साँफेबगर नगरपालिका

**<u>प्रस्तावना</u>** :साँफेबगर नगरपालिकामा उत्पादित विभिन्न प्रकारका कृषि उपजहरु चिस्यान केन्द्रको अभावमा कुहिने, बिग्रने तथा भण्डारण गर्न टाढासम्म पुऱ्याउनु पर्ने बाध्यताका कारण कृषकहरुलाई निरन्तर रुपमा मर्का परिरहेको अवस्थामा यस नगरपालिका भित्र रहेको शीत भण्डार गृहको सञ्चालनको लागि वाञ्छनीय भएकोले ,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम साँफेबगर नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "साँफेबगर नगरपालिका शीत भण्डार गृह व्यवस्थापन तथा सञ्चालन कार्यविधि-२०८२" रहेको छ ।

(२) यो कार्यविधि साँफेबगर राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आवेदक" भन्नाले योग्यता पुगी शीत भण्डार गृह सञ्चालनको लागि निवेदन पेश

गरेका संघ-संस्था, सहकारीहरुलाई सम्झनु पर्छ ।

(ख) “कृषि उपज” भन्नाले कृषकहरुले उत्पादन गरेको पशुपन्छीजन्य उत्पादन बाहेक लामो समयसम्म भण्डारण गर्न सकिने अन्य सम्पूर्ण उत्पादन जस्तै आलु, प्याज, अदुवा, बेसार तथा फलफूल लगायतका कृषि वस्तु सम्झनु पर्छ ।

(ग)"कार्यक्रम" भन्नाले यस नगरपालिकालाई हस्तान्तरण भएको शीत भण्डार गृहसञ्चालन कार्य सम्झनु पर्छ ।

(घ) "शीत भण्डार गृह " भन्नाले संघिय सरकार नयाँ सहर आयोजनाको लगानीमा निर्माण भई यस नगरपालिकालाई हस्तान्तरण भएको शीत भण्डार गृह सम्झनु पर्छ ।

(ङ) “सञ्चालन समिति” भन्नाले दफा ५ बमोजिम गठित शीत भण्डार गृह सञ्चालन समितिलाई सम्झनु पर्छ।

(च)"नगरपालिका" भन्नाले साँफेबगर नगरपालिकालाई सम्झनु पर्छ।

(छ)"कार्यपालिका" भन्नाले साँफेबगर नगरकार्यपालिकालाई सम्झनु पर्छ।

**३. उद्देश्य:** यस कार्य विधिको उद्देश्य देहाय बमोजिम हुनेछ : (क) कृषि उपजहरुको उत्पादित क्षति न्यूनीकरण गर्ने ।

ख) कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

ग) कृषि उपजहरुको बजारीकरणलाई सहयोग गर्ने ।

घ) यस क्षेत्रका कृषकहरुलाई भण्डारण सुविधा प्रदान गरी कृषि उत्पादन तर्फ आकर्षित गराउने ।

साँफेबगर नगरपालिका

## परिच्छेद २

## व्यवसाय दर्ता गरी संचालन सम्बन्धी व्यवस्था

**४. शीत भण्डार गृह सञ्चालन:** (१) शीत भण्डार गृह सञ्चालनका लागि यस नगरपालिका भित्रका सहकारी, कृषक समुह तथा निजी क्षेत्र मध्ये कुनै एक निकायलाई जिम्मेवारी दिन वा नगरपालिका आफैले पनि सञ्चालन गर्न सक्नेछ।

**५. <u>शीत भण्डार गृह सञ्चालन समिति</u>:** (१) शीत भण्डार गृह नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः-

(क) नगर उप-प्रमुख -संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष, -सदस्य

(ग) संयोजकबाट मनोनित कृषक प्रतिनिधि कम्तिमा एकजना महिला सहित दुईजना -सदस्य

(घ) नगरपालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) शीत भण्डार गृहको नियमित संचालन, व्यवस्थापन र रेखदेख तथा मर्मत सम्भारको लागि आवश्यक प्रबन्ध मिलाउने,

(ख) कृषकले उत्पादन गरेका उपजहरुको सुरक्षित भण्डारण, गुणस्तर प्रवर्द्धन र बजार आपुर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने,

(ग) सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(घ) शीत भण्डार गृहको नियमित अनुगमन गर्ने र निर्देशन दिने,

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठक दुई महिनामा कम्तिमा एकपटक बस्नेछ। संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

साँफेबगर नगरपालिका

(ग) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरु-लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६.**सेवा शुल्क निर्धारण समिति:** (१) शीत भण्डार गृह मार्फत कृषक/कृषि उद्यमी/सहकारी/व्यवसायीहरुलाई सेवा प्रदान गरे बापतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक सेवा शुल्क निर्धारण समिति रहनेछ :-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) संयोजकबाट मनोनित कृषक प्रतिनिधि कम्तिमा एकजना महिला सहित दुईजना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) नगरपालिकाको राजस्व शाखा प्रमुख -सदस्य

(च) उद्योग वाणिज्य संघ प्रतिनिधि - सदस्य

(छ) नगरपालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको सदस्य संख्या आवश्यकता र औचित्यताको आधारमा थप घट गर्न सकिने छ।

(३) सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मान्नु पर्नेछ :

(क) शीत भण्डार गृहको सेवा बापत शुल्क निर्धारण गर्दा सम्बन्धित जिल्ला वा स्थानीय तहमा रहेको निजी लगानीमा सञ्चालित जुनसुकै शीत भण्डार गृहहरुले निर्धारण गरेको भन्दा बढी नहुने गरी सहुलियतपूर्ण तरिकाले निर्धारण गर्नु पर्नेछ। यस्तो शुल्क सबैले देख्ने गरी सम्बन्धित शीत भण्डार गृहको हाताभित्र राख्नु पर्नेछ।

(ख) सहकारी संस्था, स्थानीय कृषक एंव कृषि उद्यमी/व्यवसायीलाई दिईने भण्डारण सेवा शुल्क निर्धारण गर्दा मुख्य गरी संचालन खर्च, व्यवस्थापन खर्च र मर्मत सम्भार खर्चको लेखाजोखा एवं विश्लेषण गर्नु पर्नेछ।

(ग) समितिले सेवा शुल्क निर्धारण गर्दा आवश्यकताअनुसार विज्ञ वा परामर्शदाताको सहयोग लिन सक्नेछ।

(घ) सेवा शुल्क बापत प्राप्त आम्दानीलाई सञ्चालक समितिले शीत भण्डार गृहको नियमित

सञ्चालन, व्यवस्थापन, रेखदेख मर्मत सम्भार तथा स्तरोन्नती गर्न खर्च गर्नु पर्नेछ।

(४) सेवा शुल्कको निर्धारण हरेक आर्थिक वर्ष शुरु भएको १ महिना भित्र गरिसक्नु पर्नेछ।

(५) सेवा शुल्क निर्धारण समितिले शुल्क निर्धारण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ।कार्यपालिकाबाट सेवा शुल्क स्वीकृत भएपश्चात् लागु हुनेछ।

**७. सञ्चालक छनौटका प्रक्रिया :** :(१) शीत भण्डार गृह सञ्चालनका लागि नगरपालिका क्षेत्र भित्रका सहकारी, कृषक समुह तथा निजी क्षेत्रलाई कार्य योजना सहित प्रस्तावना पेश गर्न कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशन गरिनेछ ।

(२) प्रस्ताव पेश गरेका कृषि सहकारी, कृषक समुह तथा निजी क्षेत्र मध्ये कुनै एक संस्थालाई दफा ५ को समितिबाट मूल्याङ्कन गरी शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा दिइनेछ ।

(३) प्रस्ताव पेश गरेका सहकारी, कृषक समुह तथा निजी क्षेत्र मध्ये कुनै एक संस्थालाई दफा ५ को समितिबाट मूल्याङ्कन गरी छनौटको लागि नगरपालिकालाई सिफारिस गर्नेछ ।

(४) पेश गरेका प्रस्तावनाको अध्ययन गरी सम्बन्धित पक्षले सञ्चालन गर्न नसक्ने देखिएमा समितिले निर्णय गरी कार्यालय आफैले सञ्चालन गर्न सक्नेछ। (३) व्यवसायको प्रकृति वा



साँफेबगर नगरपालिका

सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

**८.सम्झौता:(**१) दफा ५ बमोजिमको समितिको सिफारिसमा नगरपालिकाले शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा कृषि सहकारी, कृषक समुह तथा निजी क्षेत्र मध्ये कुनै एक संस्थालाई सात दिनको सम्झौता गर्ने म्याद दिई सम्झौता गर्नेछ ।

(२) सम्झौता पश्चात् संस्थाले उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरी शीत भण्डार गृह सञ्चालन गर्नु पर्नेछ ।

**९. विद्युत महशुलमा अनुदान दिन सक्ने:** शीत भण्डार गृह सञ्चालनका लागि नगरपालिकाले विद्युत महशुलमा अनुदान दिन सक्नेछ ।

**१०. थप सेवा सुविधा तथा अनुदान:** शीत भण्डार गृह नियमित रुपमा सञ्चालन गर्न र नगरपालिकाले कृषि उपज उत्पादन, भण्डारण, पूर्वाधार निर्माण आदिका लागि थप सेवा सुविधा तथा अनुदान दिन सक्नेछ ।

साँफेबगर नगरपालिका

## परिच्छेद ३
## विविध

**११. अनुगमन तथा मूल्याङ्कन:** (१) नगरपालिकाले शीत भण्डार गृहको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

**१२.कारबाहीको व्यवस्था :**शीत भण्डार गृह सञ्चालनको जिम्मेवारी पाएको संस्थाले कुनै किसिमको लापरवाही गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**१३. क्षतिपूर्तिको व्यवस्था :**शीत भण्डार गृह सञ्चालनको जिम्मेवारी पाएको संस्थाको कारण भण्डारण गरिएको कृषि उपजमा क्षति भएमा सोको क्षतिपूर्ति सम्बन्धित संस्थाले दिनु पर्नेछ । तर काबू बाहिरको परिस्थिति जस्तै प्राकृतिक प्रकोपजन्य विपद् (आगलागी, भुकम्प, बाढी), लामो समयसम्म विद्युत अवरोधका कारण क्षति भएमा संस्था क्षतिपूर्तिको लागि बाध्य हुने छैन ।

**१४. निर्देशन दिन सक्ने, बाधा अड्काउ फुकाउने र संशोधन** :(१) यस कार्यविधि बमोजिम शीत भण्डार गृह सञ्चालनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले सञ्चालक संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन सम्बन्धितले पालना गर्नु गराउनु पर्नेछ ।

(३) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउ गर्नेछ ।

(४) नगरपालिकाको कार्यपालिका बैठकबाट कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**१५. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

साँफेबगर नगरपालिका

## अनुसूची–१
**(दफा ४ को सँग सम्बन्धित)**
**सूचनाको ढाँचा**

**सूचना प्रकाशन मितिः-**

संघिय सरकार नयाँ सहर आयोजनाको लगानीमा निर्माण भई यस नगरपालिकालाई हस्तान्तरण भएको शीत भण्डार गृह "साँफेबगर नगरपालिका शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" बमोजिम सञ्चालन गर्न ईच्छुक साँफेबगर नगरपालिका भित्रका कृषक समूह/सहकारी/उपभोक्ता समिति/ फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात (मिति २०../.../.. गते भित्र) तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूची-२) अनुसार आवरदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल :-

**(क) संस्था र समूह**

१. संस्था नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

२.संस्था दर्ताको प्रमाणपत्र तथा भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी।

३.सञ्चालक समितिको बैठक निर्णय पुस्तिकाको प्रतिलिपी।

४.शीत भण्डार गृह सञ्चालन गर्ने आवेदक संस्थाले कम्तिमा ३ वर्ष र बढीमा ६ वर्ष सञ्चालन गर्ने गरी प्रतिबद्धता पत्र पेश गर्नुपर्ने।

५.आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट सञ्चालन गर्ने गरी शीत भण्डार गृहलाई आवश्यक तापक्रम मिलाएर राख्न सक्ने प्रतिवेदन।

६.आवेदक संस्थाको वित्तीय अवस्था अध्ययन गर्न, शीत भण्डार सञ्चालन गरिने संस्थाको नाममा बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण।

७.सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरु तथा कृषि उपज उत्पादक सस्थासँग शीत भण्डारण गृहबाट दिने सेवासम्बन्धी सम्झौता तथा शर्तहरु।

८.सञ्चालक समिति/समूहको पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

## (क) व्यक्ति

१. सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

२.शीत भण्डार गृह सञ्चालन गर्ने आवेदक व्यक्तिले कम्तिमा ३ वर्ष र बढीमा ६ वर्ष सञ्चालन गर्ने गरी प्रतिबद्धता पत्र पेश गर्नुपर्ने।

३. आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट सञ्चालन गर्ने गरी शीत भण्डार गृहलाई आवश्यक तापक्रम मिलाएर राख्न सक्ने प्रतिवेदन।

४. आवेदक संस्थाको वित्तीय अवस्था अध्ययन गर्न, शीत भण्डार सञ्चालन गरिने संस्थाको नाममा बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण।

५. सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरु तथा कृषि उपज उत्पादक सस्थासँग शीत भण्डारण गृहबाट दिने सेवासम्बन्धी सम्झौता तथा शर्तहर

# अनुसूची -२

## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
साँफेबगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँफेबगर अछाम।

**विषय :-** शीत भण्डार गृह सञ्चालनका लागि आवेदन पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा त्यस नगरपालिकाबाट मिति .............मा प्रकाशित सूचना अनुसार .................समूह/सहकारी/समिति/कृषि फर्मले “साँफेबगर नगरपालिका शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२” अनुसार शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक प्रस्ताव/योजना सहित अन्य आवश्यक कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं। यस आवेदनसाथ संलग्न कागजात तथा प्रस्तावनाहरु जानेबुझेसम्म ठिक छ। यदि झुठो ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला।

निवेदक
प्रस्तावक संस्थाको नाम :-ठेगाना :-
सम्पर्क व्यक्तिको नाम थर :-
सम्पर्क नं. :-
दस्तखत :-

संलग्न कागजातहरु :-

१.संस्था नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

२.संस्था दर्ताको प्रमाणपत्र तथा भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी।

३.सञ्चालक समितिको बैठक निर्णय पुस्तिकाको प्रतिलिपी।

४.शीत भण्डार गृह सञ्चालन गर्ने आवेदक संस्थाले कम्तिमा ३ वर्ष र बढीमा ६ वर्ष सञ्चालन गर्ने गरी प्रतिबद्धता पत्र पेश गर्नुपर्ने।

५.आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट सञ्चालन गर्ने गरी शीत भण्डार गृहलाई आवश्यक तापक्रम मिलाएर राख्न सक्ने प्रतिवेदन।

६.आवेदक संस्थाको वित्तीय अवस्था अध्ययन गर्न, शीत भण्डार सञ्चालन गरिने संस्थाको नाममा बैंक मिज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण।

७.सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरु तथा कृषि उपज उत्पादक सस्थासँग शीत भण्डारण गृहबाट दिने सेवासम्बन्धी सम्झौता तथा शर्तहरु ।

८.सञ्चालन समिति/समूहको पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

साँफेबगर नगरपालिका

**अनुसूची -३**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**
**शीत भण्डार गृह सञ्चालन प्रस्ताव**

पेश गर्ने संस्थाको नाम :-.........................

ठेगाना :-..........................

१. प्रस्तावक संस्थाको विवरण

| क्र.सं. | विवरण | |
|---|---|---|
| १. | ठेगाना | जिल्ला :<br>न.पा.:<br>वडा नं.:<br>स्थान : |
| २. | आववेदक संस्थाको स्थापना | दर्ता नं.<br>दर्ता वर्ष :<br>दर्ता गर्ने निकाय : |
| ३. | मु.अ. कर स्थायी लेखा नं. | |
| ४. | बैंक खाता विवरण | |
| ५. | आवेदनको किसिम | समूह/सहकारी/निजी फर्म/उपभोक्ता समिति |
| ६. | वर्तमानमा आवेदक संस्थाका के-कस्ता गतिविधिहरु सञ्चालित छन्? | |

| | | |
|---|---|---|
| ७. | अन्य | |
| ८. | जिम्मेवार व्यक्ति | |
| ९. | नाम :<br>पद :<br>सम्पर्क नं. | |
| १० | | |

| जम्मा सदस्य | पुरुष सदस्य | महिला सदस्य | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिता | पुरुष | महिला | पुरुष | महिला |
| | | | | | | | | |

२. प्रस्तावक संस्थाको उद्देश्य :

- 
- 
- 
- 

साँफेबगर नगरपालिका

३. प्रस्तावक संस्थाको अनुभव र हालको अवस्था :

| क्र.स. | कार्यान्वयन भएका योजना | समय देखि सम्म | लक्षित समूह | वित्तीय सहयोग गर्ने निकाय | हालको अवस्था (सम्पन्न/काम हुँदै/असफल) | मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. कार्ययोजना (कृषि उपज भण्डारण लक्ष्य)

| क्र.सं. | कृषि उपज विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. शीत भण्डार गृह सञ्चालबाट दिईने सेवा र शुल्क विवरण

| उत्पादन स्थल हरु | कृषक समूह/फर्म/सहकारी | वस्तु हरु | भण्डारण शुल्क (प्रति के.जि./क्वीन्टल) | भण्डारण समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ६. प्रस्तावक संस्थाको अपेक्षित लागत (यो कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च विवरण)

(क) चालु खर्च :

(ख) पुजिंगत खर्च :

## ७. प्रस्तावित संस्था सम्म पुग्न सकिने नक्सा :

**अनुसूची-४**



साँफेबगर नगरपालिका

**(दफा (७) को उपदफा (२) सँग सम्बन्धित**

## मूल्याङ्कनका आधारहरु

| क.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | संस्थाको कार्यक्षेत्र | १० | |
| | जिल्ला भित्रका उत्पादनलाई भण्डारण सेवा दिने | १० | |
| | स्थानीय तहभित्रका उत्पादनलाई मात्र भण्डारण सेवा दिने | ६ | |
| २. | अनुभव तथा क्षमता | ५ | |
| | आवेदकको ४ वर्षभन्दा माथिको अनुभव भएका | ५ | |
| | आवेदकको ४ वर्षभन्दा कमको अनुभव भएका | ३ | |
| ३. | साधारण सभा तथा लेखापरीक्षण | ५ | |
| | नियमित साधारण सभा तथा लेखापरीक्षण हुने गरेको | ५ | |
| | नियमित साधारण सभा तथा लेखापरीक्षण हुने नगरेको | ३ | |
| ४. | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञान | ५ | |
| | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञान | ५ | |

| | | | |
|---|---|---|---|
| | भएका | | |
| | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञान नभएका | ३ | |
| ५. | शीत भण्डार गृह सञ्चालन सम्बन्धी आवश्यक तालिम लिएका | २ | |
| | शीत भण्डार गृह सञ्चालन सम्बन्धी आवश्यक तालिम लिएका | २ | |
| | शीत भण्डार गृह सञ्चालन सम्बन्धी आवश्यक तालिम नलिएका | ० | |
| ६. | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक (प्राविधिक) मानव संशाधन | ५ | |
| | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक प्राविधिक) मानव स्रोत पर्याप्त रहेका | ५ | |
| | शीत भण्डार गृह सञ्चालनका लागि आवश्यक (प्राविधिक) मानव स्रोत पर्याप्त नरहेका | ३ | |
| ७. | कृषि उपज बजार व्यवस्थापनमा अनुभव (संकलन केन्द्र सञ्चालन) | ३ | |
| | कृषि उपज बजार व्यवस्थापनमा अनुभव भएका | ३ | |
| | कृषि उपज बजार व्यवस्थापनमा अनुभव नभएका | १ | |

| | | | |
|---|---|---|---|
| ८. | आवेदक संस्थाको आर्थिक अवस्था | १० | |
| | आवेदक संस्थाको लगानीको लागि बैंक मौज्दात रहेको | १० | |
| | आवेदक संस्थाको लगानीको लागि ऋण लिनुपर्ने अवस्था रहेको/बैंक मौज्दात नरहेका | ६ | |
| ९. | रोजगारीको अवस्था थप सिर्जना गर्न सक्ने | ५ | |
| | रोजगारीको अवस्था थप सिर्जना गर्न सक्ने | ५ | |
| | रोजगारीको अवस्था थप सिर्जना गर्न नसक्ने | ३ | |
| १०. | कृषिजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी गरेको | ५ | |
| | कृषिजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी गरेको | ५ | |
| | कृषिजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी नगरेको | ३ | |
| ११. | अपेक्षित दिगोपना/नतिजा | ५ | |
| | राम्रो | ५ | |

| | | | |
|---|---|---|---|
| | सामान्य | ३ | |
| | नराम्रो | १ | |
| जम्मा | | ६० | |

साँफेबगर नगरपालिका

## अनुसूची-५
### (दफा (७) को उपदफा (१) सँग सम्बन्धित)
## प्रतिबद्धता पत्र

.......................को मिति.............................प्रकाशित सूचना अनुसार शीत भण्डार गृह सञ्चालन कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सोको कार्ययोजना सहितका आवेदन पेश गरेको छु /छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं र ........वर्ष निरन्तरता दिनेछु/छौं। कार्ययोजना अनुसारको कार्ययोजना नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नियम अनुसारको कारबाही सहने व्यहोरा प्रतिवद्धता गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नगराउने बेहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

शीत भण्डार गृह सञ्चालनको तर्फबाट

नाम :

पद :

संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :          छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-६

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## द्विपक्षीय सम्झौता पत्र

यो सम्झौता पत्र मिति .......साल.......महिनाको .......गते साँफेबगर नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र "............................................................"(यस पछि दोस्रो पक्ष भनिने) बिच शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्ने गरी सम्झौता गरिएको छ । यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. सम्झौता गरिने संस्थाको विवरण :

- संस्थाको नाम :
- संस्थाको नाम :
- सम्पर्क व्यक्तिको नाम थर :
- सम्पर्क व्यक्तिको फोन नं. :

२. कार्यक्रम सञ्चालनको विवरण ::

- शीत भण्डार गृह सञ्चालन गर्नुपर्ने मिति :
- शुल्क (भाडा दर) लिन पाउने प्रति के.जी./क्विन्टेल :
- सम्झौता अवधि ::

साँफेबगर नगरपालिका

• विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको परिशिष्ट सहित यो सम्झौताको अवधि थप घट हुन सक्नेछ ।

## सम्झौताका शर्त एवं अवस्थाहरु (Terms and Conditions)

१. दोस्रो पक्षले सम्झौता भएको दिनबाट १० दिनभित्र सम्पुर्ण लाभान्वित कृषक तथा समुदाय र अन्य सरोकारवालाहरुले देख्ने गरी कार्यविधिमा उल्लेख गरिएको ढाँचामा होर्डिङ्ग बोर्ड तयार गरी राख्नु पर्नेछ।
२. शीत भण्डार गृहको अत्यावश्यक मर्मत तथा केही अन्य काम गर्दा गराउँदा नगरपालिकालाई जानकारी गराई प्राविधिक मूल्याङ्कन टिमको परामर्श लिएर मात्र गर्न पाउनेछ
३. शीत भण्डार गृहमा कुनै किसिमको जटिल तथा ठुलो मर्मत सम्भार गर्नु पर्नेमा बाहेक सामान्य मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
४. शीत भण्डार गृहमा कृषि उपज भण्डारण शुल्क महशुल तोकिएको दरमा मात्र लिन पाइनेछ ।
५. दोस्रो पक्षले पहिलो पक्षको पूर्व लिखित स्वीकृत बिना तोकिएको सीमाभन्दा बाहिर शूल्क/भाडा लिन पाउने छैन ।
६. दोस्रो पक्षले सम्झौता अनुसारको क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।
७. शीत भण्डार गृह सञ्चालन अवधिमा दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षले तोकेको निकाय वा व्यक्तिलाई प्रथम पक्षको

आवश्यकता अनुरुप शीत भण्डार गृह तथा कृषि उपज निर्वाध रुपमा निरीक्षण गर्न दिनु पर्नेछ।

८. दोस्रो पक्षले शीत भण्डार गृहमा लाग्ने भण्डारण शुल्क कृषि उपज राख्ने बेलामा वा निकासी गर्ने बेलामा दुवै अवस्थामा (जुन अवस्थामा) पनि लिन सक्नेछ । भण्डारण भाडा शुल्क लिँदा बिल/बिजक अनिवार्य दिनु पर्नेछ । कृषि उपज भण्डारण गर्दा कृषकलाई भण्डारण गरिएको परिमाणको एकिन गरी रसिद उपलब्ध गराउनु पर्नेछ ।

९. शीत भण्डार गृह सञ्चालनको क्रममा विद्युतीय उपकरण वा र्‍याकसञ्चालन (चेम्बर) परिवर्तन हुन सक्ने जायज कारणहरु भएमा प्रथम पक्षलाई समयमै लिखित जानकारी गराउनु पर्नेछ। कुनै महत्वपुर्ण परिवर्तन हुन सक्ने अवस्थामा प्रथम पक्षको स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ।

शीत भण्डार गृह सञ्चालन गरिने संरचनाहरु प्रचलित नियम कानुन र स्थानीय निकायको मापदण्ड अनुसार शीत भण्डार गृह सञ्चालन गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ। प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरीत भएको पाईएमा शीत भण्डार गृह सञ्चालन सम्झौता भंग गर्ने अधिकार प्रथम पक्षलाई रहनेछ।

१०. शीत भण्डार गृह सञ्चालन गर्दा लाग्ने विद्युत महशुल, सुरक्षा लगायतका कार्यमा हुने खर्च व्यवस्थापन दोस्रो पक्षले गर्नु पर्नेछ।

११. दोस्रो पक्षले कुल लगानी रकमको कम्तिमा १० % अग्रिमरुपमा जम्मा गर्नु पर्नेछ ।

१२. यस सम्झौता अनुसार सहमती भएको क्रियाकलापहरुमा कुनै संशोधन गर्नु परेमा दुवै पक्षहरुको सहमतिमा गरिनेछ ।

१३. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ।

| प्रथम पक्षको तर्फबाट<br>आधिकारिक हस्ताक्षर : | दोस्रो पक्षको तर्फबाट<br>आधिकारिक हस्ताक्षर : |
|---|---|
| नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>छाप : | नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>छाप : |
| साक्षी १<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>साक्षी २<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर : | साक्षी १<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>साक्षी २<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर : |

## अनुसूची -७

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

शीत भण्डार गृह स्थालमा राखिने होर्डिङ्ग बोर्डको नमुना

| साँफेबगर नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>साँफेबगर, अछाम<br>सुदूरपश्चिम प्रदेश, नेपाल<br>शीत भण्डार गृह<br>साँफेबगर नगरपालिका -४<br>स्थापना | |
|---|---|
| शीत भण्डार गृहको नाम : | |
| सञ्चालन गर्ने संस्थाको नाम : | |
| ठेगाना : | |
| शीत भण्डार गृहको क्षमता : | |
| भण्डारण गरिने कृषिजन्य उपजहरु : | प्रति बोरा शुल्क रु. |
| सम्पर्क व्यक्ति : | नाम :<br>पद :<br>सम्पर्क नं. : |

**आज्ञाले**
**देवसरा कुमारी थापा**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

साँफेबगर नगरपालिका